## ‘स्मृतिमा म तिम्रो प्रेमका केही वाक्यहरू लेख्न सक्छु ।’

स्मृतिमा म तिम्रो प्रेमका केही चुनिँदा
वाक्यहरू लेख्न सक्छु,
तिम्रो सान्निध्यमा बिताएका सुमधुर क्षणहरू लेख्न सक्छु,
तिम्रा हातहरूलाई भावावेश सहित समाएर
आतुरतावश
तिम्रो अनुमतिको किञ्चित् आग्रहविना
तिम्रो स्वीकृतिको प्रतीक्षाविना
मैले तत्क्षणै स्थापित गरिदिएँ
मेरो प्रेमको लालमोहर
शिर्षबिन्दुमा ।

कति व्यग्र म ?
मैले तिम्रो मर्यादाको किञ्चित् पर्वाहविना
सीमा उल्लङ्घन गरिदिएँ,
तिमीले पनि निर्भय, निसङ्कोच
प्रत्युत्तर दियौ
हस्ताक्षर गरिदियौ
विना कुनै नाइँनास्ति
विरोधको प्रदर्शन
आफूलाई सर्वाङ्ग ममा समर्पण गरिदियौ ।

म बेतहाशा चुम्दै गएँ तिम्रो ओष्ठकमल
तिम्रा एकएक संवेदनशील र कोमल अङ्गहरूमा
अतिक्रमण गर्दै गएँ,
स्पर्शहरूले रोमाञ्चित र उत्तेजित
तिम्रो शरीरमा
हस्तक्षेप गर्दै गएँ,
निषिद्ध प्रदेश
कामुक हातहरूले ।

मैले तिमीलाई आफ्नो बलिष्ठ बाहुपाशमा
कस्दै गएँ
म किमार्थ चाहन्नथेँ त्यस घडी
तिमीलाई आफूबाट अलग्याउन,
सम्बन्ध-विच्छेद गर्न,

हामी मानौँ, दुवै युगयुगका
जन्म-जन्मान्तरका प्रेमी हौँ
मिलन र एकाकारका प्रतीक्षमा व्यग्र ।

तिमीले मलाई आफ्नो गोप्यता
सौन्दर्य र यौवनको मधुमयता
सबै सबै न्यौछावर गरिदियौ,
म आनन्दसिक्त भएँ
तिम्रो यस समपर्णबाट
पुलकित भएँ
रोमरोम हर्षले विभोर
मैले तिमीलाई निर्विघ्न उपभोग गरेँ
मलाई लाग्यो हामी दुवै त्यस क्षण
चरमानन्दमा निर्लिप्त थियौँ
स्वयंलाई बिर्सेर
स्वयंको अस्तित्व बिर्सेर ।

त्यो क्षणको स्मृतिमा म अब
मात्र एउटा कविता लेख्न सक्छु,
यादका हरफहरू
केही चिमोटिने यादका हरफहरू
कोर्न सक्छु, यो दूरतामा बसेर
यी निस्सासिँदा पलहरूमा ।

एकै क्षणमा कस्तो अँध्यारो
धुम कुहिरो उठेका ?
हाम्रो बीच बाक्लो पर्दा भएर
हामीलाई एक अर्काबाट ओझल गरेर
मेरो अगाडि उपस्थित छ
मैले लड्नुपर्ने
जीवन लडाइँका केही विश्रृङ्खल श्रृङ्खलाहरू
चुनौति र जोखिमपूर्ण ।

६ ६ ६